annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १२५ पृष्ठ ८ | काठमाडौं, सोमबार १७ भदौ २०८१ | भाद्र कृष्णपक्ष औंसी नेपाल संवत् ११४४ | MONDAY, SEPTEMBER 2, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

## कर्णाली राजमार्ग, उही दुःख उही व्यथा

# जताततै पहिरो, कतै कतै सडकको नामोनिसानै छैन



कर्णाली राजमार्गअन्तर्गत दैलेख र कालीकोट सडकखण्डमा खसेको पहिरो। ● बिस्नप्रसाद न्यौपाने।

यसै त भिरालो र कठिन भौगोलिक अवस्था, त्यसमाथि कर्णाली राजमार्गका ठाउँठाउँमा पहिरो। कतै कतै त पहिरोले सडकको नामोनिसान पनि छैन। गाडी चल्ने कुरै भएन। पाँच दिन भयो, कर्णाली राजमार्ग अवरुद्ध भएको, अझै कति दिन यस्तै दुःख भोग्नुपर्ने हो ? निश्चित छैन। कर्णालीवासीका पुरानै दुःख, पुरानै व्यथा। तीन तहका सरकार छन्, तर कर्णालीको लाइफलाइन (राजमार्ग)ले अवस्था हेर्दा सरकार कसका लागि ? भन्ने प्रश्न उठेको छ।

समाचार पृष्ठ २

बिस्नप्रसाद न्यौपाने | *वीरेन्द्रनगर*

- को रिपोर्ट

## सम्पदा बस्तीमै किन भएन पुनर्निर्माण ?



स्टालिन श्रेष्ठ

इजलास

भूकम्प गएको ९ वर्ष बितिसक्यो। तर भीमेश्वर नगरपालिका-२ स्थित ऐतिहासिक सहर दोलखाको सम्पदा बस्तीको पुनर्निर्माण भएन। सम्पदा बस्तीमा लाभग्राही ५ सय ८५ जना छन्। सम्पदा बस्ती भनेर प्रस्तावमात्रै भयो। आधिकारिक रूपमा घोषणा हुन सकेन। सम्पदा बस्ती भनेर क्षेत्र तोक्ने काममात्रै भएको छ। यसको मूल कारण हो- राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको असाध्यै झन्झटिलो कार्यविधि।

प्राधिकरणले सम्पदा बस्तीका एकल वा बहुस्वामित्वका निजी आवास पुनर्निर्माण सम्बन्धी कार्यविधि २०७६ जारी गरेपछि मात्र भवन निर्माण हुन लागेका हुन्। यो कार्यविधिमा घरहरू प्रायः प्राचीन र कलात्मक शैलीका हुनुपर्ने, भारवहन गर्न सक्ने पर्खाल, कम्तीमा दुई आना दुई पैसाबराबरको जग्गामा घर बनाइनुपर्ने, घरको अघिल्लोपट्टिको भाग चम्किलो ईंटाको पर्खाल हुनुपर्ने, टुँडाल-टाकल राखिनुपर्नेसमेत उल्लेख रहेको छ।

निर्माण भएका घरहरू राणाकालीन घरमा प्रयोग भएजस्तो चुन प्लास्टर, स्टिल वा कंक्रिटको फ्रेम संरचनाजस्ता थुप्रै सर्त पूरा नगरे अनुदान नदिने पनि कार्यविधिमा उल्लेख छ। कतिपयले सम्पदा बस्तीको लुक्समा घर बनाए। मापदण्ड पूरा नभएको कारण कतिले घर बनाए पनि पैसा पाएनन्। पहिलो किस्ता अनुदान बुझेर पनि घर निर्माण नगर्नेको संख्या पनि धेरै छ।ऐतिहासिक सहर दोलखाको आफ्नै मौलिकताले धर्म संस्कृतिसँग खास महत्त्व राख्ने भएकाले यो सहरलाई पुरातात्त्विक महत्त्व झल्कने गरी विकास गर्नुपर्ने आवश्यकता छ।

पुरानै महत्त्व झल्किने गरी भूकम्पप्रतिरोधी कलात्मक शैलीमा घरनिर्माण गर्नेलाई नगरले थप ५० हजार अनुदान र सम्पदा बस्ती कार्यविधिमा प्राधिकरणले पनि थप ५० हजार अनुदान दिने उल्लेख छ। यद्यपि यो कागजमै सीमित छ। कतिपय लाभग्राही बस्ती छाडेर काठमाडौंलगायतका सहरमा बसोबास गर्ने हुँदा पनि पुनर्निर्माण पूरा भएका छैनन्।

*(श्रेष्ठ, भीमेश्वर-२ का वडाध्यक्ष हुन्।)*

# कांग्रेसले चुनावी गठबन्धन नगर्ने, एक्जिट पोलिसीबारे पछि निर्णय

● विगतमा पार्टीले विशेष राजनीतिक परिस्थितिमा अन्य दलहरूसंग निर्वाचन पूर्व गठबन्धन गरेर निर्वाचन लडे तापनि नेपाली कांग्रेस यस महासमिति बैठकबाट पार्टीका सदस्यहरू, शुभेच्छुक तथा समर्थक र आम नागरिकलाई पूर्ण विश्वास दिलाउँदै,दृढ संकल्प गर्दछ-"हाम्रो आफ्नै संगठनलाई थप उर्जाशील बनाउँदै आम जनताको मत र विश्वास बढाएर नेपाली कांग्रेसले एक्लै बहुमत ल्याउन सक्ने पार्टीका रूपमा पुनःस्थापित गर्नेछौँ। हामी भविष्यमा हुने आवाधिक निर्वाचनहरूमा आफ्नै ताकतमा एक्लै लड्ने छौं र हाम्रा मतदातालाई नेपाली कांग्रेसको चुनाव चिन्ह 'रुख' मा नै मत हाल्न पाउने अवस्था सुनिश्चित गर्ने छौं"।

**महामन्त्री गगन थापाको सांगठानिक प्रस्तावको अंश।**

**राधा खनाल** | *काठमाडौं*

कांग्रेसले आगामी निर्वाचनमा कुनै पनि दलसँग चुनावी गठबन्धन नगरी एक्लै चुनाव लड्ने निर्णय गरेको छ। महामन्त्री गगन थापाको सांगठनिक प्रस्ताव पारित गर्दै कांग्रेस केन्द्रीय कार्यसमितिको आइतबारको बैठकले यस्तो निर्णय गरेको हो।

प्रवक्ता डा. प्रकाशशरण महतले महामन्त्री थापाको प्रस्तावमाथि छलफल गर्दै संगठनलाई चलायमान बनाउने र सक्रिय सदस्य नवीकरण गरेर अगाडि बढ्ने निर्णय गरेको जानकारी दिए। 'हाम्रो आफ्नै संगठनलाई थप ऊर्जाशील बनाउँदै आम जनताको मत र विश्वास बढाएर नेपाली कांग्रेसले एकल बहुमत ल्याउन सक्ने पार्टीका रूपमा स्थापित गर्नेछौं,' महामन्त्री थापाको प्रस्तावमा छ- हामी भविष्यमा हुन आवधिक निर्वाचनहरूमा आफ्नै ताकतमा एक्लै लड्ने छौं र हाम्रा मतदातालाई नेपाली कांग्रेसको चुनाव चिह्न रूखमा मत हाल्न पाउने अवस्था सुनिश्चित गर्ने छौं।'



ओलीजीसँग मेरो राम्रो सम्बन्ध छ। उहाँ दुःख गरेको मान्छे हो। एमालेसँग गठबन्धन भयो भनेर डराएर हुँदैन।

**- शेरबहादुर देउवा,** सभापति

महामन्त्री थापाले गत फागुनको बैठकमा प्रिइलेक्सनसम्बन्धी प्रस्ताव गरेका थिए। त्यस बेला कांग्रेससँगको गठबन्धनमा रहेका माओवादी र अरू दल थापाको प्रस्तावले भस्किएका थिए। तर, पनि महासमिति बैठकले थापाको प्रस्ताव पारित गरेको थियो।

» बाँकी पृष्ठ ६

Paralympic Committee Nepal

Ncell
हामी तपाईंकै लागि

पलेशाले रचिन् इतिहास

गौरवमय इतिहास रच्दै नेपाली खेलकुदको क्षेत्रमा देशका लागि अहिलेसम्मकै ठूलो पदक जित्न सफल हुनुभएकोमा एनसेल परिवारका तर्फबाट हार्दिक बधाई ।

"पेरिस पारालिम्पिक्स २०२४" मा तपाईंले तेक्वान्दोमा जित्नुभएको ऐतिहासिक कांस्य पदक, प्रदर्शन गर्नुभएको साहस, कुशलता अनि दृढ संकल्प हामी सबैका लागि प्रेरणा बनेको छ ।

नेपाललाई विश्वसामु चिनाउनुभएकोमा हार्दिक धन्यवाद। तपाईंको कडा मेहनत, अठोट, समर्पण र खेलप्रतिको लगनशीलतालाई हाम्रो सलाम ।

यो जित हामी नेपाली एकसाथ अनि गर्वसाथ मनाउँछौं । राष्ट्रिय पारालिम्पिक कमिटी नेपालसँग सहकार्य गर्दै हरेक पल हौसला बनेर सँगै रहन्छौं, हामी तपाईंकै लागि !




PARiS 2024

पलेशा गोवर्धन
राष्ट्रिय पारा खेलाडी